श्री

# बर्दिया जिल्ला अदालत
# गुलरिया

प.सं. ०७६।०७७ तहसिल मिति :- २०७६/१०/२१

**विषयः- लिलाम बढाबढको सूचना**

यस अदालतमा विभिन्न मुद्दामा दशीको रुपमा पेश भएका जफत गर्नु पर्ने तथा मालधनीहरुलाई फिर्ता दिन मिल्ने देखिई फिर्ता लिन आउन म्याद जारी गरिएकोमा म्याद भित्र फिर्ता लिन नआएका कानून बमोजिम लिलाम गर्न मिल्ने मालसामानहरुको लिलाम द्वारा बिक्री गर्ने प्रयोजनका लागि आज मिति २०७६/१०/२१ गते जिल्ला अदालत नियमावली २०७५को ९२(५) बमोजिम गठित मूल्याङ्कन समितिले निर्धारण गरेको मूल्याङ्कन बमोजिमको न्यूनतम मूल्यबाट बढाबढ हुने गरी विभिन्न सामानहरु मिति २०७६/११/०७ गते दिनको २:०० बजे यस अदालतको तहसिल शाखाबाट लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

लिलाम बोल्ने व्यक्तिले बोलेको अंकको १०% रकम सोही दिन दाखेल गरी बाँकी रकम ७ दिनभित्र दाखेल गरिसक्नुपर्ने छ। यस सम्बन्धी अन्य जानकारी चाहिएमा यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

२०७६/१०/२१

राजेन्द्र कुमार शर्मा
तहसिलदार शा.अ.

तहसिलदार
शाखा अधिकृत